आज मिति २०८१/१२/२६ गते रिब्दीकोट गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपसिलको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो।

**उपस्थिति :**

१. अध्यक्ष श्री नारायण बहादुर कार्की
२. उपाध्यक्ष श्री कान्ता अधिकारी
३. प्रबक्ता तथा वडा अध्यक्ष, वडा नं. ६ श्री प्रकाश रायमाझी
४. वडा अध्यक्ष, वडा नं. १ श्री चिरन्जीवी पोखरेल
५. वडा अध्यक्ष, वडा नं. २ श्री ओम प्रसाद पोखरेल
६. वडा अध्यक्ष, वडा नं. ३ श्री नारायण बहादुर के.सी.
७. वडा अध्यक्ष, वडा नं. ४ श्री सोम बहादुर कार्की
८. वडा अध्यक्ष, वडा नं. ५ श्री मन बहादुर अस्लामी
९. वडा अध्यक्ष, वडा नं. ७ श्री दान बहादुर कुँवर
१०. वडा अध्यक्ष, वडा नं. ८ श्री चुरा बहादुर छहरी मगर
११. कार्यपालिका सदस्य श्री मीना राना
१२. कार्यपालिका सदस्य श्री रन्जना खनाल आचार्य
१३. कार्यपालिका सदस्य श्री गोमा थापा
१४. कार्यपालिका सदस्य श्री शर्मिला नेपाली
१५. कार्यपालिका सदस्य श्री गीता कौशल
१६. कार्यपालिका सदस्य श्री सुनिल बश्याल
१७. सदस्य सचिव श्री मणि प्रसाद खनाल
१८. आमन्त्रित श्री रुक लाल भट्टराई, प्रशासन शाखा प्रमुख

CamScanner

प्रस्तावहरु ।

१ प्रदेश समपुरक र विशेष योजना माग सम्बन्धमा ।

२ हार्थोक देखि पालिका सम्मको सडक स्तरोन्नती सम्बन्धमा ।

३ भवन निर्माण नक्सा पास र अभिलेखिकरण सम्बन्धमा ।

४ विविध ।

निर्णयहरु:-

| सि.नं. | विषयगत शाखा | निर्णय ब्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | योजना | (१) आगामी आ.व. २०८२/०८३ को लागि प्रदेश समपुरक र विशेष योजना अन्तर्गत तपशिलका योजनाहरु छनौट गरि माग गर्ने निर्णय गरियो ।<br>**(अ) प्रदेश समपुरक अन्तर्गत**<br>(क) भैरवस्थान, भारकोट, मजुवा, पोरक्नी हुदै वडा कार्यालय सम्मको बाटो स्तरोन्नती कुल बजेट रु २ करोड<br>(ख) वरपोखरा देउराली, शान्तीचौर हुदै जोगिथुम मोटरबाटो स्तरउन्नती कुल बजेट रु १ करोड<br>(ग) सैटोला, मैनादी, अमलावास कृषि सडक स्तरउन्नती जम्मा बजेट रु १ करोड<br>**(आ) प्रदेश विशेष अन्तर्गत**<br>(क) प्राङ्गारिक मलखातो पूर्वाधार निर्माण रु ५० लाख<br>(ख) विभिन्न खानेपानी मुहान संरक्षण रु ५० लाख<br>(ग) पिपलडाडा प्रा.वि. ८ को भवन निर्माण रु ५० लाख<br>(२) हार्थोक छहरा मोटरबाटोको हार्थोक खौडेलीचोक देखि गाउँपालिका सम्मको मोटरबाटोको अवस्था जिर्ण भई आएको र स्थानिय नागरिक, पत्रकार बुद्धिजिवीबाट बाटो स्तरोन्नती गर्न निरन्तर दबाव आएकोले चालु आ.व. हिउदे अधिवेशनबाट रु ३५ लाख बजेट विनियोजन भएकोमा खौडेली चोकबाट गाउँपालिका भवनसम्म बाटो मर्मतको लागि लागत अनुमान तयार गर्दा ७३,५०,३२०.९५/- आई विनियोजित रकम अपुग हुने भएकोले उक्त अपुग रकम आगामी आ.व.मा विनियोजन गरि भुक्तानी दिने गरि उपभोक्ता समितिबाट निर्माणको कार्य गराउने निर्णय गरियो । | |
| २. | वस्ति विकास तथा भवन निर्माण शाखा | २०८२ वैशाख १ देखि लागु हुने गरि भवन निर्माणमा नक्सा पास अनिवार्य लागु गर्ने र सो भन्दा अगाडी निर्माण भएका संरचनाको अभिलेखिकरण गर्ने कार्य सुचारु गर्ने निर्णय गरियो । | |

CamScanner

| | | | |
|---|---|---|---|
| ३. | विविध | (१) रिब्दीकोट वासी नागरिकहरुलाई उपचारको क्रममा आवश्यक पर्ने रगत नि:शुल्क रुपमा उपलब्ध गराउने गरि गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी रक्त सेवा केन्द्र बुटवल बिच २०८३ आषाढ मसान्त सम्म भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो।<br>(२) सेतो घर अभियान अन्तर्गत खरको छाना विस्थापन गर्नका लागि पालिका भित्रका सवै वडाहरुमा बाँकी रहेका खरको छाना भएका घरहरुको विवरण संकलन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।<br>(३) गरिब तथा घरवार विहिन विपन्न नागरिकहरुको घर निर्माणका लागि जनता आवास कार्यक्रमसँग घर निर्माण गरिदिनका लागि अनुरोध गरिं पठाउने निर्णय गरियो।<br>(४) २०८२/१/१ गते विहान ८ बजे भैरवस्थान पार्किङ्गको समुद्घाटन गर्ने र सम्पूर्ण जनप्रतिनिधिहरु उपस्थित हुने निर्णय गरियो । साथै गाउँपालिकाले सम्झौता गरि निर्धारित गरिएको पार्किङ्ग स्थलमा मात्रै पार्किङ्ग गर्न लगाउने र २०८२/१/१ बाट अन्यत्र पार्किङ्ग गर्न निषेध गर्ने निर्णय गरियो। | |